## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मिक्वाखोला **गाउँपालिका**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः १. | संख्याः.९ | मितिः२०७५/१२/२१ |

**भाग-२**

**मिक्वाखोला गाउँपालिका**

# मिक्वाखोला गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन कार्यविधी —२०७४

मिक्वाखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँवा, ताप्लेजुङ
१ नं. प्रदेश

## मिक्वाखोला गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन कार्यविधी — २०७४

प्रस्तावना: मिक्वाखोला गाउँपालिकाको समग्र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङकन, कार्य कुशलता र प्रभाकारीता ल्याउने प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधी २०७४ तर्जुमा गरी लागु गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधीको नाम "योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्याविधी-२०७४" रहेको छ।

(ख) यो कार्याविधी तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधी र लगानी रकम तोकि निर्धारित उद्देश्य प्राप्तीका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्दछ।

(ख) "उपभोक्ता समिती" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिती सम्झनु पर्दछ र सो समुहले लाभग्राही समुहलाई समेत जनाँउदछ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तीका लागि तयार गरिएको क्षेत्रगत, बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ।

(ङ) "कार्यविधी" भन्नाले योजना तर्जुमा कार्यान्वयन र व्यस्थापन कार्यवीधी-२०७४ सम्झनु पर्दछ।

(च) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधीको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखि कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्दछ।

(छ) "ठुला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पु-याउने प्रकृतिका मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममुलक प्रविधीलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ।

(ज) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधीक सहयोग उपलब्ध गराउने द्विपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघिय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्दछ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्दछ।

(ञ) "गाउँपालिका" भन्नाले मिक्वाखोला गाउँपालिकालाई सम्झनु पर्दछ।

(ट) "लक्षित समुह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएको वर्गहरु (सबै जातजातीका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडा वर्ग) एवं नेपाल सरकारले लक्षित समुह भनि तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ।

(ठ) "लैगिक लेखाजोखा परिक्षण" भन्नाले महिला र पुरष बीचको भुमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुषबीचको समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई समझनु पर्दछ।

(ड) "सामाजिक परिक्षण" भन्नाले योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मुल्याङकन कार्यलाई सम्झनु पर्दछ।

(ढ) "सार्वजनिक परिक्षण" भन्नाले गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालाहरु वीच जानकारी गराउने, लेखाजोखा गर्ने, मुल्यांङकन गर्ने कार्य सम्झनु पर्दछ।

(ण) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय तहका पदाधिकारीहरुको बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्दछ।

(त) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचिकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ।

(थ) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धी तयार गरिएको आवधिक, वार्षिक विकास योजना सम्झनु पर्दछ।

(द) "सार्वजनिक खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनु पर्दछ।

(ध) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u>

(क) गाउँपालिकाबाट गरिने विकास निर्माणका कार्यक्रमहरुलाई मितव्ययी, दिगो, पारदर्शी रुपमा सम्पन्न गर्न सहयोग पु-याउने यस निर्देशिकाको उद्देश्य हुनेछ।

(ख) गाउँपालिकाले प्राप्त गर्ने सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमुलक, पारदर्शी, उत्तरदायी र जवाफदेहि पुर्वक खर्च गर्ने पद्दतीको निर्माणमा सहयोग पु-याउने।

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा, निकासा र खर्च प्रकृयालाई सरलिकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने।

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित गराउने, लेखा, लेखा परिक्षण र प्रतिबेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने।

(ङ) स्थानीय तहमा सुशासन कायम गर्न पारदर्शीता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्दन गर्ने।

(च) गाउँपालिकाको अन्तर निकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्दि गर्ने।

४. **समपुरक कोषः**

(क) यस गाउँपालिकासँग सम्बन्धीत सरकारी, गैर सरकारी, निजी क्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिमको साझेदारी वा लागत सहभागिता गर्न समपुरक कोषमा आवश्यक रकम छुट्याउनु पर्नेछ।

(ख) कुनै त्यस्तो साझेदारी गर्न चाहने संस्थाहरुसँग साझेदारी गर्ने वा नगर्ने अधिकार गाउँ कार्यपलिकामा सुरक्षित रहने छ।

(ग) सामान्यतयाः साझेदारीमा सञ्चालन हुने आयोजनाहरु गाउँपालिकाको सभाबाट स्वीकृत गराईएका हुनु पर्नेछ।

(घ) समपुरक कोष सञ्चालनार्थ कार्यविधि बनाई लागु गरिनेछ ।

५. **मर्मत सम्भार कोषः**

(क) गाउँपालिकाले आफ्नो भौतिक पुर्वाधार निर्माण कार्यक्रमहरुबाट ५% प्रतिशत रकम कट्टा गरी एक मर्मत संभार कोषको स्थापना गर्नेछ।

(ख) मर्मत संभार कोषको संचालन गाउँ कार्यपालिकाले स्वीकृत गरेको मर्मत संभार कोष कार्यबिधी बमोजिम हुनेछ।

६. **विपद व्यवस्थापन कोषः**

(क) गाउँसभाबाट विपद व्यवस्थापन सहयोग पु-याउन एक विपद व्यवस्थापन कोष स्थापना गर्नेछ।

(ख) गाउँ कार्यपालिकाले स्वीकृत गरेको विपद व्यवस्थापन कोष कार्यविधी बमोजिम हुनेछ।

## परिच्छेद-२
## योजना तर्जुमा

७. **योजना तर्जुमाः** गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधीक, वार्षिक रणनीतिका विषयमा क्षेत्रगत मध्यकालीन, दिर्धकालीन र वार्षिक विकास योजना बनाई लागु गर्नेछ। विकासको लागि योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रिया सँगै अनुकुल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलबायु, परिवर्तन अनुकुल, विपद व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धीत विषयलाई ध्यान दिईनेछ।

(अ) गाउँपालिकाले योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिईनेछ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पु-याउने।

(ख) उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने।

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने।

(घ) स्थानीय वासिन्दाको सहभागिता जुट्ने, स्वयमसेवक परिचालन गर्न सकिने तथा लागत कम गर्ने।

(ङ) स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्ने।

(आ) गाउँपालिकाको योजना तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय बुद्दिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद, जेष्ठ नागरिक, महिला बालबालिकाको अधिकतम सहभागिता गराईनेछ।

(इ) योजना तर्जुमा गर्दा सम्भाब्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मुल्याङकन योजना समेत तयार गरिनेछ।

८. **समन्वयमा गर्नु पर्ने कार्यहरुः**

गाउँपालिका क्षेत्र भित्र सरकारी संघ संस्था, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थाले विकाससँग सम्बन्धित काम गर्नुपर्दा वडा एवम् गाउँपालिकाको समन्वयमा गर्नु पर्नेछ।

९. **साझेदारी वा संयुक्त व्यवस्थापन कार्य गरिनेः**

गाउँपालिका भित्रको कार्य सञ्चालन गर्दा लागत न्युनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायका विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी वा संयुक्त व्यवस्थापन गरिनेछ।

(क) बृहत पूर्वाधार निर्माण, ठुला मेसिन तथा औजार खरिद र व्यवस्थापन

(ख) विपद व्यवस्थापन

(ग) फोहोरमैला व्यवस्थापन

१०. **योजना तर्जुमा प्रक्रियाः**

(क) वार्षिक योजना तर्जुमा गर्दा सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अबलम्बन गरिनेछ।

(ख) क्रमागत योजनालाई सम्पन्न गर्न उच्च प्राथमिकता दिईनेछ।

(ग) योजना तर्जुमा प्रक्रिया बस्तीस्तरबाट शुरु गरिनेछ। बस्तीमा बसोबास गर्ने नागरिकहरुको संयुक्त भेलाले पहिचान गरेका वा आयोजनाको सूची तयार गरिनेछ।

(घ) बस्तीस्तरबाट प्राप्त भएका सूचीहरुलाई वडा समितीले क्षेत्रगत विभाजन गरी वडास्तरिय र पालिकास्तरिय योजनाको प्राथमिकिकरण गरि बजेट तथा कार्यक्रम तर्जुमा समितीमा पेश गरिन्छ।

(ङ) समितीले आगामी आर्थिक वर्षमा सञ्चालन गर्नु पर्ने प्राप्त योजनाहरुको सूचीमा प्राथमिकिकरण गरी कार्यपालिकामा प्रस्ताव पेश गर्नु गर्नेछ।

(च) समितीबाट प्राप्त योजना तथा कार्यक्रमका प्रस्तावलाई कार्यपालिकाबाट पारित गरी सभाबाट पारित गरिनेछ।

(छ) श्रोत अनुमान तथा बजेट निर्धारण समितीः स्थानीय सरकार सञ्चालन र व्यवस्थापन गर्न बनेको ऐन २०७४ बमोजिमको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती हुने छ।

(अ) गाउँपालिकाको अध्यक्ष - संयोजक

(आ) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(इ) अध्यक्ष वा प्रमुखले कार्यपालिकाका सदस्यहरु मध्येबाट तोकेको महिला, दलित वा अल्पसंख्यकबाट प्रतिनिधी हुने गरी जम्मा ४ जना - सदस्य

(ई) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य सचिव

यस समितीको काम कर्तव्य र अधिकार गाउँकार्यपालिका र गाउँसभाबाट पारित निर्णयका अतिरिक्त स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्थाप गर्न बनेको ऐनको दफा ६६ को उपदफा (३) बमोजिम हुनेछ।

(ज) बजेट तथा कार्यक्रम तर्जुमा समितीः स्थानीय सरकार सञ्चालन र व्यवस्थापन गर्न बनेको ऐन २०७४ बमोजिम देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिती हुनेछ।

(अ) गाउँकार्यपालिकाको उपप्रमुख - संयोजक

(आ) विषयगत क्षेत्र हेर्ने गाउँकार्यपालिकाको सदस्यहरु -सदस्य

(इ) गाउँकार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ई) योजना महाशाखा, विभाग वा शाखा प्रमुख -सदस्य सचिव

यस समितीको काम कर्तव्य र अधिकार गाउँकार्यपालिका र गाउँसभाबाट पारित निर्णयका अतिरिक्त स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्थाप गर्न बनेको ऐनको दफा ६७ को उपदफा (३) बमोजिम हुनेछ।

(झ) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण समितीः स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को ६.२.४ को अधिनमा रहि उपाध्यक्षको संयोजकत्वमा निम्न ५ सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समिती रहने छ।

(अ) उपाध्यक्ष - संयोजक

(आ) वडाध्यक्ष पाँच जना -सदस्य

(इ) योजना, अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख -सदस्य सचिव

यस कार्यविधीको १० (झ) अन्तर्गत रही योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण समितीको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेको छन

(अ) योजनाहरुको नियमित अनुगमन गर्ने साथै अनुगमन तथा सुपरीवेक्षणको क्रममा उपभोक्ता समितीलाई आवश्यक पर्ने सल्लाह सुझाव प्रदान गर्ने।

(आ) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणबाट प्राप्त विवरण, प्रतिवेदन गाउँपालिकामा ७ दिन भित्र पेश गर्ने।

(इ) उपभोक्ता समितीको अन्तिम अनुगमन प्रतिवेदनमा कार्य प्रगति हेरी भुक्तानी दिन सक्ने /नसक्ने विषयमा उल्लेख गर्नु पर्ने।

(ई) प्रत्येक वडामा वडा स्तरीय अनुगमन तथा सहजीकरण समिती गठन गर्ने।

## योजना तर्जुमाको समय तालिका

| क्र.सं. | कार्य विवरण | समय | कै |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | फागुन मसान्त | |
| २ | संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रमको तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | चैत्र १० | |
| ३ | बजेट सीमा तथा मार्ग दर्शन वितरण | चैत्र १५ | |
| ४ | वस्ती-टोल स्तरबाट योजना छनौट | चैत्र १५ | |
| ५ | वडा स्तरीय योजना प्राथमिकिकरण | चैत्र २५ | |
| ६ | तर्जुमा समितीबाट बजेट तथा कार्यक्रम कार्यपालिकामा पेश | चैत्र ३० | |
| ७ | गाउँ कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने | असार १० | |
| ८ | गाउँसभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत | असार मसान्त | |

## परिच्छेद—३

## कार्यक्रम वा आयोजना सञ्चालन एवं व्यवस्थापन

**११. कार्यक्रम वा आयोजना कार्यान्वयन एवं व्यवस्थापनः**

(क) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३ र खर्च गर्ने अख्तियारी उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी खर्च गर्नुपर्नेछ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यालयमा ल्याएको हुनुपर्नेछ।

(ग) स्थानीय तहबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिती मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा १५ दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताको लागि सम्पर्क राख्न सम्बन्धित वडा मार्फत लाभग्राही समुहलाई जानकारी दिनुपर्नेछ।

(घ) गाउँपालिकाले छनौट गरिएको योजनाको चैत्र मसान्त सम्म सम्झौता हुन नसकेमा उक्त योजना रद्द गरी अन्य योजना सञ्चालन गर्नुपर्नेछ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लगत अनुमान, डिजाईन तयार गरी विनियोजन बजेटको अधिनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पुर्ण प्रक्रियाहरु पुरा गरिसक्नु पर्नेछ।

(च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्कीशुन्य अभियानको सुरुवात गर्नुपर्दछ। तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनका लागी पेश्की दिन बाधा पर्ने छैन। तर आयोजना सुरु गर्दाको वखत बीस प्रतिशत सम्म पेश्की रकम निकासा गर्न सक्नेछ । माथि जुनसुकै कुरा लेखिएको भएतापनि दोश्रो पटक पेश्की रकम निकासा गरिने छैन ।

(छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षा रुपरेखा, २०६५ बमोजिम आवश्यकतालाई मध्यनजर गर्दै प्रारम्भिक वातावरणीय परिक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मुल्याङ्कन (ई.आई.ए) गरेर सञ्चालन गर्न सक्नेछ ।

(ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले स्थानीय तहबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा भएको स्थानमा बैङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ। बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्र बैंकबाट ईजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्नु पर्नेछ।

माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि एक लाख भन्दा कम रकमको आयोजनामा यो प्रावधान बाध्यकारी हुने छैन ।

(झ) आयोजना लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामाग्रीहरु स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिती वा आयोजना कार्यान्वयन पर्ने निकाय आफैले वा यस्ता निकायहरुले अनुरोध गरेमा स्थानीय तहले खरिद व्यवस्था गर्न सक्नेछ।

(ञ) प्रचलित कानुन बमोजिम आयोजनाको हिसाब किताब राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने अख्तियारी उपभोक्ता समितिको हुनेछ।

(ट) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखापरिक्षण गराउने, नियमित रुपमा भौतिक एवं वित्तीय प्रगती प्रतिफल सम्बन्धीत निकायमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृत तथा लेखा प्रमुखको हुनेछ।

(ठ) जानीजानी वा लापरवाहीका कारणबाट तोकिएको समयमा कार्यक्रम सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग स्थानीय तहले सम्झौता भंग गरी हर्जना समेत लिई बैकल्पिक व्यवस्था गर्न सक्नेछ।

(ड) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै अन्तिम किस्ता भुक्तानी हुनुपर्व उपभोक्ता समितीबाट सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

(ढ) यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा लेखेको भएतापनि दुई करोड रुपियाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिती मार्फत कार्यान्वयन गराउन सकिनेछ।तर उक्त उल्लेखित दुई करोड रूपैयाँसम्मको लागत अनुमानमा मुल्य अभिबृद्दि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागितको अंश समेतको रकम समावेश हुनेछ।

(ण) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन कार्यतालिका निर्माण गरी तोकिए बमोजिमका ढाँचामा सम्झौता गर्नुपर्नेछ।

१२. <u>**आयोजना लागत अनुमान सम्बन्धी व्यवस्थाः**</u>

१. गाउँपालिकाले आयोजनाहरुको लागत अनुमान, नक्सा र डिजाईन स्थानीय तहको सम्बद्द प्राविधीक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका ईन्जिनियर, सब-ईन्जिनियर र असिष्टेन्ट सब-ईन्जिनियर वा विषय सम्बद्द प्राविधीकबाट गराउने पर्नेछ।

२. आयोजनाहरुको लागत अनुमान (डिजानईन, ईष्टमेट) तयार गर्दा स्वीकृत दररेटको आधारमा निर्माण सामाग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी नेपाली भाषामा तयार गर्नुपर्ने

छ। तर प्राविधीक दृष्टिकोणले प्राविधिक शब्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न संभव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गर्नुपर्नेछ।

३. लागत अनुमान तयार गर्दा श्रममुलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ। प्राविधीक दृष्टिकोणबाट श्रममुलक तवरबाट काम हुन नसकी मेशिनरी उपकरणको प्रयोग गर्नु पर्ने भनी सम्बन्धित प्राविधीकबाट कारण सहितको सिफारिस आएमा सोही अनुसार स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ।

१३. <u>उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः</u>

उपभोक्ता समितीको गठन, सञ्चालन, व्यवस्थापन एवं कार्यक्रम कार्यान्वयन गर्दा समितीले देहाय बमोजिमका प्रावधानहरु समेत पालना गर्नुपर्नेछः-

(१) उपभोक्ता समितीबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि नौ सदस्यीय उपभोक्ता समिती गठन गर्नुपर्नेछ।

(२) गाउँपालिकाका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधीको रुपमा गाउँपालिका तथा वडाको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फर्छ्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष नपुगेको व्यक्ती, सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्ती उपभोक्ता समितिको पदाधिकारी तथा सदस्य हुन पाउने छैन।

(३) उपभोक्ता समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ। उपभोक्ता समिती गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितीमा आबद्द व्यक्तीहरु सामान्यतया साक्षर हुनुपर्नेछ।

(४) एउटै समयमा एक व्यक्ती एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन, साथै एका सगोलका परिवारबाट एकजना भन्दा बढी समितीको सदस्य हुन पाउने छैन।

(५) वडा स्तरीय आयोजनाहरुको उपभोक्ता समिति गठन गर्दा गाउँ कार्यपालिकाले पठाएको प्रतिनिधि कर्मचारी रोहबरमा रहनेछ । उपभोक्ता समिती गठन गरेपछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धीत वडा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाईएमा यसरी गठन गरिएको समितिको वैधता रद्द गरिनेछ ।

(७) उपभोक्ता समितीको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत तरिकाले हुन नसकेको अवस्थामा तोकेको विधीअनुसार वडा अध्यक्ष वा अन्य निर्वाचित पदाधिकारिले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित गाउँपालिकालाई गराउनु पर्नेछ।

(८) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिती मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिती गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित वडा मार्फत लाभग्राही समुहलाई जानकारी दिनुपर्नेछ। तोकिएको समय भित्र उपभोक्ता समिती गठन भई आउन नसकेमा सम्बन्धित गाउँपालिकाले सहजीकरण

गर्नेछ। उपभोक्ता समिति गठन हुन नसकेमा अन्य वैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ।

(९) गाउँपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितीको तर्फबाट नगद लगत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ। यसरी नगद लागत सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिको योजना सम्झौता गर्नुपर्नेछ। नगद लागत सहभागिता जुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा गाउँपालिकाले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बरोबरको काम गरेको प्राविधिक मुल्यांकन सहितको प्रतिवेदन प्राप्त भए पछि कार्यप्रगतीको आधारमा रकमबाट भुक्तानी गर्नुपर्नेछ। लागत सहभागिताको व्यवस्था नभएको कुनै पनि योजना उपभोक्ता समिती मार्फत सञ्चालन गर्न पाईने छैन।

माथि उल्लिखित एक लाख रुपैयाँ सम्मको आयोजनाहरुमा जमानत राख्नु आवश्यक पर्ने छैन । सो भन्दा माथिल्लो रकमको आयोजनाहरुमा दश प्रतिशत जमानत राखे पश्चात मात्र योजना सम्झौता गरिनेछ ।

(१०) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपुर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितीलाई रकम भुक्तानी दिन पाईने छैन। उपभोक्ता समितीले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनुपर्नेछ।

(११) उपभोक्ता समिती वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा स्थानीय तहले सम्बन्धीत कार्यको डिजाईन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण गर्ने बमोजिमका लागत अनुमानमा रहेको मुल्य अभिवृद्दि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेछ।

(१२) तोकिएको काम भन्दा बढी गर्न वा काम नै नगरी वास्तविक काम भन्दा बढी गरेको देखाई अथवा कुनै आईटमको सट्टा अर्को आईटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी र कम माग्ने उपभोक्ता समितीलाई उक्त रकम भूक्तानी नदिई कालो सुचीमा राखी कारबाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत जानकारी गर्नुपर्नेछ।

(१३) उपभोक्ता समितीको काम कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामाग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शीता, अनुगमन सम्बन्धी व्यवस्थाको बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपुर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(१४) उपभोक्ता समितीको खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्य कुनै दुईको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। खाता सञ्चालकहरुको तीन पुस्ते विवरण खुलाई आयोजना खाता र गाउँपालिका

तथा वडामा अभिलेख राख्नुपर्नेछ। उपभोक्ता समितीको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितीको सचिवले राख्नुपर्नेछ।

(१५) उपभोक्ता समिती प्रत्येक किस्तामा खर्च गरेको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धीत उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ। गाउँपालिकाबाट कुनै पनि समयमा उपभोक्ता समिती तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरिक्षण गर्न सक्नेछ।

(१६) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट एक लाख भन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक मार्फत दिनु पर्नेछ।

(१७) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समुह, सामुदायिक संस्था ( जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समुह, कृषि समुह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न ईच्छुक भएमा छुट्टै उपभोक्ता समिती गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समुह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(१८) उपभोक्ता समिती मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममुलक प्रविधीमा आधारित रहि स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

(१९) श्रममुलक प्रविधीबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोहि बमोजिम सम्झौता गरि मेशिनरी उपकरण (लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रिब्युटर, विटुमिन ब्वाईलर) को प्रयोग गरिएको पाईएमा त्यस्तो उपभोक्ता समितीसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितीलाई भुक्तानी गरिएको रकमसँग मुल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२०) उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन। कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना स्थानीय तहलाई दिनु पर्नेछ।

(२१) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितीले आयोजनाको भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँपालिकामा पठाउनु पर्नेछ।

(२२) गाउँपालिकाले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिती, सामुदायिक संस्था एवं गैर सरकारी संग संस्थाको अभिलेखिकरण गरी लागत व्यवस्थित गर्नुपर्नेछ।

(२३) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धि काम गर्न कर्मचारीले प्रचलित कानुन, कार्यविधी, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिती गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ।

(२४) गाउँपालिका र उपभोक्ता समिती बीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधी, उपभोक्ता समितीले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्ने।

(२५) उपभोक्ता समितीलाई गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(२६) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समुहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्बन्धित गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेका लागत अनुमान तथा प्राविधिक सल्लाहको अधिनमा रहि गर्न र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्छ।

(२७) उपभोक्ता समितीले मासिक रुपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, कार्यक्रम कार्यान्वयन सँग सम्बन्धित सम्पुर्ण खर्चको बिल भर्पाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगती विवरण गाउँपालिकामा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समुहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिती र निर्णयको प्रतिलिपी गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ।

(२८) उपभोक्ता समितिले गरेको कामको लागत मुल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परिक्षण गरेको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा पेश गर्नुपर्दछ।

(२९) उपभोक्ता समिती मार्फत गरिएको निर्णय वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितीले उपलब्ध गराउनु पर्नेछ। यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले समिती भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समिती उपभोक्ता समितीको पुनःगठन गर्न, समिती भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ।

(३०) उपभोक्ता समिती मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(३१) उपभोक्ता समितीले कामको लागि लिएको पेश्की फछ्र्योट गर्दा प्रथम किस्ताको प्राविधिक मुल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मुल्य खुलेको रनिङ विल, उपभोक्ता समितीलेको बैठकको प्रतिलिपी समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ। यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्यौंट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोहि वरावरको रकम उपलब्ध गराईनेछ। उपभोक्ता समिती स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ।

(३२) उपभोक्ता समितीले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी वडा समितीको प्रतिनिधीको रोहवरमा सार्वजनिक परिक्षण गराउनु पर्नेछ।फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ। अन्तिम भुक्तानी दिँदा उक्त योजनाको कार्यान्वयन हुनुपर्ने र निर्माण अघि र पछीको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितीको निर्णय र वडा समितीको सिफारिस सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ।

(३३) उपभोक्ता समिती मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितीलाई हस्तान्तरण

गर्नुपर्दछ। यसरी आयोजनाको हस्तान्तरण भएमा गाउँपालिकाको सहमती लिई उपभोक्ता समितीले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार गाउँपालिकाको सहमति लिई उपभोक्ता समितीले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(३४) गाउँपालिका आफैले सञ्चालन गरेको वा उपभोक्ता समिती, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघ संस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठी, सेमिनार,अभिमुखिकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमको भुक्तानी गर्दा उक्त कार्यक्रम सञ्चालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम सञ्चालन भएको स्थान र कार्यक्रम अवधी, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धी, कार्यक्रमको सहभागीको उपस्थिती, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम सञ्चालन गर्दाको अवस्थामा तस्वीरहरु सहित आवश्यक विल भर्पाई र कागजात संलग्न गरी कार्यान्वयन प्रतिवेदन गर्नुपर्दछ।

(३५) उपभोक्ता समितीले आयोजनाहरु सञ्चालन गर्दा तोकिए बमोजिमका गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिती र अनुगमन तथा सहजीकरण समितीको हुनेछ।

(३६) अनुकरणीय कार्य गर्नेउपभोक्ता समिती, प्राविधक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाँउ सभाको निर्णय बमोजिम वार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिनेछ।

(३७) अनुगमन तथा सहजीकरण समितीको सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ।

(क) उपभोक्ता समिती वा ठेक्का पट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना सञ्चालन वा कार्यान्वयनमा अनुगमन एवं सहजीकरण गर्न सम्बन्धित आयोजना र कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तिमा दुई जना महिला र वडा समितीका एक जना सदस्य प्रतिनिधी समेत रहने गरी तीन सदस्यीय अनुगमन तथा सहजीकरण समिती गठन गर्नुपर्नेछ।

(ख) उक्त गठित समिती ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजना खटिएको कर्मचारीले र उपभोक्ता समितीबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपुर्व आयोजना अनुगमन तथा सहजीकरण समिती गठन गर्नुपर्नेछ।

(ग) आयोजना सञ्चालनको क्रममा बाधाअवरोध आईपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाईएमा सम्बन्धित उपभोक्ता समितीलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितीको कर्तव्य हुनेछ।

(घ) समितीको आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ती सिफारिस गर्नुपर्नेछ। समितीले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको भुक्तानी र फरफारकको लागि सिफारिस नगरेको  कारणबाट प्रचलित कानुन बमोजिम भए गरेका कार्यका भुक्तानी दिन फरफारक गर्न लगायतका थप कार्यहरु अगाडि बढाउन बाधा परेको मानिने छैन।

(ङ) सम्बन्धित गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितीको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्नेछ।

(च) आयोजना सुपरिवेक्षण र अनुगमन समितीले आयोजना निर्माण सम्बन्धमा भएको प्रगतीको विवरण उपभोक्ता समिती र गाउँपालिकालाई उपलव्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्दी गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनका क्रममा देखा परेका बाधा व्यवधान हटाउनका लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्बन्धित उपभोक्ता समिती र गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाईएमा सोको जानकरी सम्बन्धित गाउँपालिकामा गराउने दायीत्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ।

१४. <u>**ठेक्का पट्टा सम्बन्धी व्यवस्थाः**</u>

उपभोक्ता समितीबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरुको सम्बन्धमा उपभोक्ताहरुबाट गाउँपालिकाबाटै कार्यान्वयन गर्ने सिफारिस भई आएमा त्यस्ता प्रकृतिका आयोजना गाउँपालिकाबाट ठेक्का प्रक्रियाबाट काम गराउन सक्नेछ।

१५. <u>**आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्थाः**</u>

(१) गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछी भौतिक पुर्वाधार आयोजनाका हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मुल्याङकन, कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक परिक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परिक्षणको प्रतिवेदनका आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ।

(२) गाउँपालिकाले संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित निकायबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ।

(३) गाउँपालिकाले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्नेछ। फरफारक भएका आयोजनाहरुको गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ।

## परिच्छेद-४
## <u>थपघट वा हेरफेर</u>

१६. <u>**थपघट वा हेरफेर गर्न सक्नेः**</u>

यस कार्यविधी कार्यन्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले यस कार्यविधीमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

आज्ञाले,

योगेन्द्र राज गुरुङ

प्रमुख प्रशासकीय अधिकृत